नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**

## निरीक्षण अनुगमन सम्बन्धी विवरण

यस विभाग अन्तर्गतको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय बिराटनगरबाट विभिन्न मितिमा निम्नानुसारको खाद्य व्यवसायको खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम अनुगमन निरीक्षण गरी उल्लेख भए अनुसार आवश्यक कारबाही गरिएकोले सबैको जानकारीका लागि यो विवरण जारी गरिन्छ।

| सि. नं. | खाद्य व्यवसायको विवरण | अनुगमन गर्दाको अवस्था/ कैफियत | निर्देशन/कारबाही |
|---|---|---|---|
| १. | कृष्णा क्याटरिंग, विराटनगर २ (मितिः २०८३ /०५/११) मा | • उत्पादन स्थलको भुईंमा पानी जम्मा भएको<br>• भण्डारण कक्षको उचित ब्यबस्थापन नदेखिएको<br>• खाद्य बस्तु तयार गर्ने स्थानमा आखाद्य बस्तु (हाईड्रो) र औद्योगिक रंग फेला परेको। | • हाईड्रो- पाँचसय (५००) ग्रामको तिन (३) थान र एकसय (१००) ग्रामको एक (१) थान नष्ट गरीएको<br>• कृतिम खाद्य रंग प्रयोग भएको एक (१) के. जी. बुनिया नष्ट गरीएको<br>• औद्योगिक रंग (१०० ग्रामको १२ वटा) नष्ट गरीयो<br>• खाद्य बस्तु र अखाद्य बस्तु छुट्टा छुट्टै भण्डारण गर्न हुन<br>• उत्पादन स्थलको भुईंमा पानी नजम्ने व्यवस्था मिलाउन हुन<br>• खाद्य बस्तु तयार गर्दा अखाद्य बस्तु प्रयोग नगर्न हुन। |
| २. | आनन्द स्विट्स प्रा.लि (मितिः २०८३/ ०५/११) मा | • उत्पादन स्थलको पानी बग्ने नालामा सरसफाईको तालिका तयार गरी कार्य गर्न पर्ने देखिएको<br>• मिठाई सेलाउने कार्य भुईंमै गर्ने गरेको देखिएको<br>• खाद्य सामग्री छोप्न मसीजन्य पत्रिकाको | • भाडा माइने स्थानको टुटेको भुइँ यथाशिघ्र मर्मत गर्न हुन<br>• सरसफाई प्रयोजनको लागि जिम्मेवार व्यक्ति तोकी सरसफाईको तालिका तयार गरी कार्य गर्न हुन<br>• खाद्य बस्तु सेलाउने कार्य टेबल वा केही अग्लो स्थानमा गर्न हुन<br>• खाद्य बस्तुलाई मसीजन्य पत्रिकाको सम्पर्कमा नल्याउन हुन। |

| | | | |
|---|---|---|---|
| | | प्रयोग गरेको देखिएको। | |
| ३. | कृष्णा जलपान गृह, बिराटनगर ०९<br>(मितिः २०८३ /०५/११) मा | • खाद्य बस्तु तयार गर्ने स्थान र भाडा सफा गर्ने स्थान संगै रहेको<br>• उत्पादनमा प्रयोग हुने मसला ढकनी नलगाई राखेको। | • खाद्य बस्तु तयार गर्ने स्थान र भाडा माझ्ने स्थान छुट्ट्याउन हुन<br>• खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ अनुसार उत्पादक/सेवा प्रदायकले आफ्नो दायित्व पुरा गर्न हुन। |
| ४. | जुगल चिया नस्ता एण्ड पण्डितजी स्विट कर्नर, बिराटनगर ९<br>(मितिः २०८३ /०५/११) मा | • उत्पादन स्थलमा सरसफाईको कमि देखिएको<br>• उत्पादन स्थल खुल्ला रहेको देखिएको। | • मिठाई बनाउने कार्य सोझै भुइमा नभई केहि उच्च स्थानमा राखेर गर्न हुन<br>• उत्पादन स्थलको भत्केको संरचनालाई यथाशिघ्र मर्मत गर्न हुन र खस्रो पानी जम्ने स्थानलाई चिल्लो बनाउन हुन<br>• देखिएको कैफियत सुधार गरी प्रमाण सहित कार्यालयमा उपस्थित हुन। |
| ५. | कृष्ण स्विट हाउस<br>(मितिः २०८३ /०५/११) मा | • उत्पादन स्थलमा सरसफाईको कमि देखिएको<br>• उत्पादन स्थलको भुइँमा पानी जम्मा भएको देखिएको। | • उत्पादन स्थलको भत्केको संरचनालाई यथासिघ्र मर्मत गर्न हुन<br>• सरसफाईको तालिका बढाएर तयार गर्न हुन<br>• देखिएको कैफियत सुधार गरी प्रमाण सहित कार्यालयमा उपस्थित हुनु हुन। |
| ६. | बिराटनगर बजारका पसलहरू<br>(मितिः २०८३ /०५/१५) मा | • ढुवानी गर्दै गरेको र किराना पसलमा बिक्रिका लागि राखेको प्रशोधित जारको पिउँने पानीको अनुगमन निरीक्षण। | • पुरानो र कुच्चिएको छपन्न (५६) वटा जार नष्ट गरीएको<br>• पानी ढुवानी गर्दा सफा जारमा मात्रै गर्न हुन, पुरानो अपारदर्शी जारको प्रयोग नगर्न हुन<br>• खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ अनुरुप आफ्नो दायित्व पुरा गर्न हुन। |
| **अनुगमन गरिएको खाद्य व्यवसायको कुल संख्याः छ (६) वटा** | | | |

Sharma

डा. बाल कुमारी शर्मा

वरिष्ठ खाद्य अनुसन्धान अधिकृत

२०८३/०५/१८

<u>अनुगमनका केही झलकहरू</u>





















